# PRESS STATEMENT

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER
Nepal

बिहीबार, २०६८ जेठ २६

## नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयद्वारा पत्रकारहरूमाथिको आक्रमणको भर्त्सना

*काठमाडौं* – नेपालको पूर्वी तराईका जिल्लाहरूमा पत्रकारहरूले आक्रमण र धम्की सहनुपरेका रिपोर्टहरूबाट मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय–नेपाल) गम्भीररूपमा चिन्तित भएको छ।

नागरिक दैनिक पत्रिकामा कार्यरत पत्रकार खिलानाथ ढकाललाई युथ फोर्ससँग सम्बद्ध भनिएका युवाहरूको एक समूहद्वारा जेठ २२ गते साँझ विराटनगरमा आक्रमण गरियो। पीडित गम्भीर घाइते भई अस्पताल भर्ना गरिए। निज पत्रकारले जेठ १८ गते विराटनगरमा युथ फोर्सका कार्यकर्ताहरूद्वारा भएको आक्रमणबारे सम्प्रेषण गरेको समाचारका कारण प्रत्यक्षत सो आक्रमण भएको देखिन्छ।

त्यस घटनापछि, ढकालमाथि भएको आक्रमणबारे उजुरी दर्ता गर्ने नेपाल पत्रकार महासङ्घसँग आबद्ध कतिपय सञ्चारकर्मीहरूलाई फोनमार्फत् जाहेरी दर्खास्त फिर्ता लिन धम्कीयुक्त फोन आएका छन्। महासङ्घले जेठ २३ गते मोरङ जिल्ला प्रहरीमा एउटा जाहेरी दर्खास्त र पत्रकारहरूको व्यक्तिगत सुरक्षाको संरक्षण गर्ने माग गर्दै जिल्ला प्रशासन कार्यालयमा एउटा निवेदन पनि दर्ता गराएको थियो।

उच्चायुक्तको कार्यालय–नेपाल अभिव्यक्ति र विचारको स्वतन्त्रताको अधिकारको उपभोग गर्नबाट पत्रकारहरूलाई रोक्ने स्पष्ट लक्ष्यका साथ गरिएका यी कार्यहरूको भर्त्सना गर्दछ र खिलानाथ ढकालमाथि भएको गम्भीर आक्रमणबारे तत्काल अनुसन्धान गरी पीडकहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअनुसार अभियोजन गर्न एवं दण्डित गर्न राज्यअधिकारीहरूलाई आग्रह गर्दछ। साथै, अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत सबै सञ्चारकर्मीहरूलाई पर्याप्त संरक्षण प्रदान गर्ने राज्यको दायित्व हो।

"यस घटनाले एउटा पीडादायी प्रवृत्तिको निरन्तरतालाई प्रतिनिधित्व गर्दछः गत वर्ष यस कार्यालयले मोरङको छिमेकी जिल्ला सुनसरीमा पत्रकारहरूलाई धम्की र त्रास दिइएको भनिएका कम्तीमा नौवटा यस्तै घटनाहरूसम्बन्धी रिपोर्ट प्राप्त गरेको थियो। सञ्चारकर्मीहरूको बाँच्न पाउने अधिकारको संरक्षण गर्ने सबै आवश्यक कदम चाली नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिका धारा ६ र १९ अनुसार विचार र अभिव्यक्तिको स्वतन्त्रताको जगेर्ना गर्न राज्यअधिकारीहरूलाई म आग्रह गर्दछु," उच्चायुक्तको कार्यालय–नेपालकी प्रमुख ज्योति साङ्घेराले भन्नुभयो।

Office of the High Commissioner for Human Rights in Nepal
Museum Road, Chhauni,
Kathmandu,
Nepal
http://nepal.ohchr.org

Chun Gurung
Email: cgurung@ohchr.org
Tel: +977 1 4280164, Ext.: 320
Fax +977 1 4670712, 4670713
Mobile: 98510 16937